श्री ५ को सरकार

# निर्माण तथा यातायात मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूची–२ को सट्टा देहायबमोजिमको अनुसूची – २ राखी हेरफेर गरेको छ ।

अनुसूची–२

(दफा ६,७,८,९,१० र ११ संग सम्बन्धित)

सवारीको नम्बर प्लेट

खण्ड (क)

सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) संग सम्बन्धित)

कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ख)

पर्यटक सवारी (दफा ७ को उपदफा (२) संग सम्बन्धित)

हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ग)

निजी सवारी (दफा ८ को उपदफा (३) संग सम्बन्धित)

रातो प्लेटमा सेतो अक्षर र अंकमा हुनु पर्नेछ ।

खण्ड (घ)

सरकारी सवारी (दफा ९ को उपदफा (२) संग सम्बन्धित)

सेतो प्लेटमा रातो अक्षर र अङ्क हुनु पर्नेछ ।

खण्ड (ङ)

संगठित संस्था वा संस्थानको सवारी (दफा १० को उपदफा (२) संग सम्बन्धित)

पहेंलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (च)

कूटनीतिक सवारी (दफा ११ को उपदफा (२) संग सम्बन्धित)

नीलो प्लेटमा सेतो अक्षर र अंकमा हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य :

१. प्रधानमन्त्री, प्रधानन्यायाधीस, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र मन्त्रिपरिषद्का सदस्यहरू चढ्ने सरकारी सवारीको नम्बर प्लेटको माथिल्लो आधा भाग रातो र तल्लो आधा भाग नीलो रंगको पृष्ठभूमिमा सेतो अक्षर र अङ्क हुनु पर्नेछ ।

२. सबै किसिमका ठूला तथा मझौला सवारीहरूको नम्बर प्लेटको साईज १४" × ८", साना सवारी मध्ये चारपाङ्ग्रेको नम्बरप्लेटको साइज १२" × ७" तीनपाङ्ग्रे टेम्पो आदिको नम्बरप्लेटको साइज १०" × ७" र दुई पाङ्ग्रे मोटर साइकल, स्कुटर आदिको नम्बर प्लेटको साइज ८" × ५" हुनु पर्नेछ ।

३. नम्बर प्लेटमा लेखिने अक्षर र अङ्क ठूला तथा मझौला सवारीहरूको प्लेटमा कम्तिमा ३ इन्च अग्लो र १/२ इन्च मोटो, सानो सवारीमा चारपाङ्ग्रे तथा तीनपाङ्ग्रे टेम्पो आदिको २ इन्च अग्लो र १/२ इन्च मोटो र मोटरसाइकल, स्कुटर आदिको २ इन्च अग्लो र ३/८ इन्च मोटो हुनु पर्नेछ ।

४. नम्बरप्लेटको चारैतिर १/२ इन्च (मोटर साइकल, स्कुटर आदिको प्लेटमा १/४ इन्च छाडेर अङ्क र अक्षर लेख्नु पर्नेछ । अङ्क र अक्षरको बीचको दूरी कम्तिमा पनि १/४ इन्च तथा तल्लो र माथिल्लो लाइनको दूरी कम्तिमा १/२ इन्च पनि हुनु पर्नेछ ।

## सूचना २

श्री ५ को सरकारले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६३ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची–६ को सट्टा देहाय बमोजिमको अनुसूची– ६ राखी हेरफेर गरेको छ ।

अनुसूची–६
(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)
सवारीको नम्बर प्लेटको संकेत (अक्षर र अंक)

(क) ठूला तथा मझौला सवारी (बस, ट्रक, डोजर, डम्फर, लोडर, क्रेन, दमकल, ट्याङ्कर, रोलर, पिकअप, भ्यान, मिनीबस, मिनीट्रक, मिनीभ्यान आदि यात्रुवाहकका हकमा १४ सिटभन्दा माथिमा र मालवाहकका हकमा ४ टन वा सोभन्दा बढी कूल भारवहन क्षमता भएका) सवारी साधनहरूको लागि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| मेची कोशी, सगरमाथा, जनकपुर, बागमती, नारायणी, गण्डकी, लुम्बिनी, राप्ती, भेरी, सेती र महाकाली अञ्चल-हरूको लागि क्रमश: मे., को., स., ज., बा., ना., ग., लु., रा., भे., से., र म. | क | ख | ग | क | प |
| | घ | ग | ख | घ | य |
| | ग | घ | क | ख | य |
| | ख | क | घ | ग | य |

(ख) साना (कार, जिप, भ्यान, पिकअप, माइक्रोबस आदिजस्ता २४ सिट वा कूल भारवहन क्षमता ४ टनभन्दा कम भएका) सवारी साधनहरूको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | च | ज | झ | च | प |
| | झ | झ | ज | ज | य |
| | ज | च | च | झ | य |

(ग) साना (मोटर साइकल, स्कुटर आदिजस्ता दुईपाङ्ग्रे) सवारी साधनहरूको लागि।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | प | फ | ब | म | प |
| | म | ब | फ | प | य |
| | ब | म | प | फ | य |
| | फ | प | म | ब | य |

(घ) ट्र्याक्टर र पावरटिलरको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | त | थ | द | न | प |
| | न | द | थ | त | य |
| | द | न | त | थ | य |
| | थ | त | न | द | य |

(ङ) साना (टेम्पो, अटोरिक्सा आदिजस्ता तीनपाङ्ग्रे) सवारी साधनहरूको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख | स | ह | क्ष | त्र | प |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| भएबमोजिम, | त्र | क्ष | ह | स | य |
| | क्ष | त्र | स | ह | य |
| | ह | स | त्र | क्ष | य |

द्रष्टव्यः

नम्बरप्लेटको स्वरूपः

१. सवारीमा राख्ने नम्बरप्लेट कम्तिमा पनि २० गेजको धातुबाट बनेको पातामा ऐनको अनुसूची–२ बमोजिमको साइजमा हुनु पर्नेछ ।

२. माथि द्रष्टव्य १ बमोजिम पातामा ऐनको अनुसूची–२ मा तोकिएको रङ्ग अनुसार-का अङ्क र अक्षर देवनागरी लिपिमा स्पष्ट रूपमा लेखिएको हुनु पर्नेछ ।

३. नम्बर प्लेटमा बढीमा आठवटासम्म अंक र अक्षर रहने छन् जसलाई तल र माथि गरी दुई लाईनमा निम्नानुसार राखिनु पर्नेछ ।

(क) माथिल्लो लाइनको शुरूमा सवारी दर्ता गर्ने कार्यालयको अञ्चल संकेत अक्षर र त्यसपछि सवारी समूह जनाउन अंक लेखिन् पर्नेछ । यस्तो सवारी समूह जनाउने अङ्क आवश्यकता अनुसार १ देखि ९९ सम्म हुनेछ । यस्तो अंक पछि सवारीको किसिम जनाउने संकेत अक्षर लेख्नु पर्नेछ

(ख) तल्लो लाइनमा सवारीको दर्ता नम्बर लेख्नु पर्नेछ, यस्तो दर्ता नम्बर एउटा संकेत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखि ९९९९ सम्म) मात्र हुनेछ । प्रयोग अनुसार कुनै एक संकेत अक्षरमा चार अङ्कको सबै-भन्दा ठूलो संख्या (९९९९) पुगेपछि क्रमशः अर्को संकेत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ ।

उदाहरणार्थ : यातायात व्यवस्था कार्यालय, वागमती अञ्चलमा दर्ता हुने पहिलो समूहको १२८६ दर्ता नम्बरको निजी मोटर साइकलको नम्बरप्लेट देहाय बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| बा | १ | प | |
| १ | २ | ८ | ६ |

तर मोटरसाईकल स्कुटर आदि दुई पाङग्रे सवारीहरूको अगाडिपट्टि राखिने नम्बरप्लेटको हकमा एक लाईन कायम गरी उपयुक्त साईजमा राख्न सकिनेछ ।

४. कूटनीतिक नियोगका सवारी र अन्य कुटनीतिक नम्बर प्रयोग गर्न पाउने व्यक्ति वा संस्थाहरूको सवारीको प्लेटमा त्यस्तो नियोग र संस्थालाई सवारी दर्ता प्रयोजनका लागि प्रदान गरिएको संकेत, अङ्क र अक्षर प्रयोग गर्न पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
226

# सूचना ३

श्री ५ को सरकारले सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको सार्वजनिक सडकमा चल्ने देहाय बमोजिमका सवारी साधनहरूबाट देहायबमोजिमको दस्तुर असुल गर्ने गरी तोकेको छ ।

| सि.नं. | सार्वजनिक सडक | सवारी साधनहरूको किसिम र दस्तुर | | |
|---|---|---|---|---|
| | | हलुका | भारी | तीन पाङ्ग्रे तथा दुई पाङ्ग्रे |
| १. | महेन्द्र राजमार्गको काकरभित्ता–दमक खण्ड | रू. २५।– | रू. ४२।५० | रू. १०।– |
| २. | महेन्द्र राजमार्गको दमक–इटहरी कोशी खण्ड | रू. ४३।५० | रू. ७३।९५ | रू. १०।– |
| ३. | जोगबनी–धरान–धनकुटा राजमार्गको बिराटनगर–धरान खण्ड | रू. २२।– | रू. ३७।५० | रू. १०।– |
| ४. | महेन्द्र राजमार्गको कोशी–चौहर्वा खण्ड | रू. ५०।– | रू. ८५।– | रू. १०।– |
| ५. | महेन्द्र राजमार्गको चौहर्वा–पथलैया खण्ड | रू. ७५।– | रू. १२५।२० | रू. १०।– |
| ६. | त्रिभुवन राजमार्गको हेटौंडा–बीरगञ्ज खण्ड | रू. २८।५० | रू. ४८।५० | रू. १०।– |
| ७. | महेन्द्र राजमार्गको हेटौंडा–नारायणगढ खण्ड | रू. ३९।– | रू. ६६।३० | रू. १०।– |
| ८. | महेन्द्र राजमार्गको नारायणगढ–बुटवल खण्ड | रू. ५७।– | रू. ९६।९० | रू. १०।– |
| ९. | पृथ्वीराजमार्गको नौबिसे–मुग्लिङ्ग खण्ड | रू. ४२।– | रू. ७१।४८ | रू. १०।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

## सूचना ४

श्री ५ को सरकारले सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी देहायको सवारी साधनहरूको हकमा पूर्ण रूपमा दस्तुर नलाग्ने गरी छूट दिएको छ ।

१. सार्वजनिक सडक सुधार दस्तुर लागू गरिएको सडकको मर्मतसंग सम्बन्धित सवारीहरू,
२. बारूण यन्त्रहरू,
३. बिरामी सहितको एम्बुलेन्सहरू ।

## सूचना ५

श्री ५ को सरकारले सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको प्रयोजनको लागि देहायबमोजिमको प्रक्रिया तोकेको छ ।

### प्रक्रिया

१. बोलपत्र कागजात तयार गर्नुपर्नेः कोष सञ्चालक समितिले सार्वजनिक सडक उपभोगकर्ताबाट दस्तुर उठाउने कार्य ठेक्काबाट प्रदान गर्नको लागि बोलपत्र सम्बन्धी कागजात तयार गराई स्वीकृत गर्नु पर्नेछ ।

२. सूचना प्रकाशन गर्नुपर्नेः (१) बोलपत्र माग गर्दा राष्ट्रियस्तरको पत्र-पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना प्रकाशन गर्दा बोलपत्र दाखिला गर्न कम्तीमा सात दिनको म्याद दिनु पर्नेछ । यसरी प्रकाशन गरिने सूचनामा देहायका कुराहरू खुलाउनु पर्नेछः
   (क) बोलपत्र पठाउन पर्ने तरिका,
   (ख) बोलपत्र पठाउन पर्ने कार्यालय,
   (ग) बोलपत्र वापत लाग्ने दस्तुर,
   (घ) बोलपत्र दाखिला गर्नु पर्ने म्याद,
   (ङ) बोलपत्र खोल्ने मिति, समय र स्थान,
   (च) जमानत वापतको रकम र
   (छ) अन्य आवश्यक कुराहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कोष सञ्चालक समितिले उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा बोलपत्र पेश गरिने कार्यालय एकभन्दा बढी तोकेको अवस्थामा सबै कार्यालयहरूको नाम खुलाउनु पर्नेछ ।

३. बोलपत्र खोल्दा सहिछाप गराउनु पर्ने : दफा २ बमोजिम प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरू सोही सूचनामा तोकेको मिति र समयमा उपस्थित हुने बोलपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोली उपस्थित हुने सबैको सहिछाप गराउनु पर्नेछ । तर उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिले दस्तखत नगरेकै कारणले बोलपत्र खोल्दा रीत नपुगेको मानिने छैन ।

४. बोलपत्र मूल्याङ्कन प्रक्रिया : (१) दफा २ बमोजिम प्रकाशित सूचनामा उल्लेख भए बमोजिम रित पुगेका बोलपत्रहरूको मात्र मूल्याङ्कन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका बोलपत्रको मूल्याङ्कन गर्दा कोष सञ्चालक समिति आफैंले वा कोष सञ्चालक समितिले मूल्याङ्कन समिति गठन गरी गर्न सक्नेछ ।

५. बोलपत्रको मूल्याङ्कन : कोष सञ्चालक समितिले मूल्याङ्कनको आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नु पर्नेछ । तर बोलपत्र दिने व्यक्ति वा संस्थाको क्षमता, आर्थिक हैसियत समेतको आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न मनासिब नदेखिएमा सो को कारण खोली सो भन्दा लगत्तै पछिको अङ्क प्राप्त गर्ने बोलपत्र-दाताको बोलपत्र कोष सञ्चालक समितिले स्वीकृत गर्न सक्नेछ ।

६. प्रक्षेपित आम्दानी विवरण तयार गर्नुपर्ने : (१) दस्तुर उठाउन खोजिएको सडकमा सञ्चालन हुने सवारीको तथ्याङ्क समेतलाई आधार बनाएर सालबसाली रूपमा हुन सक्ने आम्दानीको प्रक्षेपित विवरण तयार गर्नुपर्ने छ ।

(२) दफा २ बमोजिम बोलपत्रको आव्हान गर्नु अघि उपदफा (१) बमोजिमको विवरण तयार गरिसक्नु पर्नेछ र बोलपत्रदाताको लागि आवश्यक पर्ने तथ्याङ्क आदि पनि दफा २ बमोजिम सूचना प्रकाशन गर्दा खुलाउनु पर्नेछ ।

७. बोलपत्र वापत दस्तुर, जमानत वापतको रकम तोक्ने : बोलपत्रदाताले दफा २ को खण्ड (ग) र (च) मा उल्लेख भए बमोजिम कोष सञ्चालक समितिले तोके


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
229

बमोजिमको बोलपत्रको दस्तुर तथा सञ्चालक समितिले तोके बमोजिमको जमानत रकम बुझाउनु पर्नेछ ।

८. बोलपत्र स्वीकृतिको सूचना र सम्झौता : (१) बोलपत्र स्वीकृत भएको जानकारीको सूचना सम्बन्धित बोलपत्रदातालाई बोलपत्र स्वीकृत भएको सात दिनभित्र दिनु पर्नेछ । कोष सञ्चालक समितिले बोलपत्र स्वीकृत भएको जानकारीको सूचना पठाउँदा सात दिनभित्र सम्झौता गर्न उपस्थित हुनुपर्ने व्यहोरासमेत खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र उपस्थित नभएमा वा सम्झौता गर्न मञ्जुर नगरेमा निजको जमानत वापतको रकम जफत गरी निज भन्दा लगत्तै कम अङ्क प्राप्त गर्ने बोलपत्रदातालाई उपदफा (१) बमोजिम सूचना जारी गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको व्यक्ति वा फर्मसँग ठेक्का सम्झौता गर्दा बोलपत्रका शर्तहरू, सार्बजनिक सडक सुधार कोषमा रकम बुझाउन पर्ने कार्य तालिकाको विवरण, ठेक्काको शर्तहरू समेत स्पष्ट गरी सम्झौता गर्नुपर्नेछ ।

९. अन्य प्रक्रिया कोष सञ्चालक समितिले निर्धारण गर्न सक्ने : यस सूचनामा उल्लेख गरिएदेखि बाहेक सार्बजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ को दफा ६ को उपदफा (२) बमोजिम दस्तुर उठाउने व्यवस्था गर्दा आवश्यक पर्ने अन्य कार्यविधि वा प्रक्रिया कोष सञ्चालक समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

खण्ड ४६, अतिरिक्ताङ्क २०, मिति २०५३।४।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

232